DEMOCRACY
RESOURCE CENTER

# राजनीतिक अपडेट : चुनावी गठबन्धन र तालमेल

असोज १०, २०७९

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन मंसिर ४, २०७९ मा हुँदैछ । यस निर्वाचनमार्फत प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी प्रतिनिधि सभाका जम्मा २७५ सदस्य छानिने छन् ।[१] प्रदेश सभा सदस्यको लागि पनि सातै प्रदेशमा प्रत्यक्ष र समानुपातिक प्रणालीअनुसार निर्वाचन हुनेछ ।[२] निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक दलहरू निर्वाचन केन्द्रित गतिविधिमा लागेका छन् । दलहरूबीच राजनीतिक ध्रुवीकरण तीव्र छ र तिनले चुनावी तालमेलका प्रयास गरिरहेका छन् । एकातर्फ नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)], जनता समाजवादी पार्टी (जसपा), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] र राष्ट्रिय जनमोर्चा (राजमो) सहितको पाँच दलीय गठबन्धनले मिलेर निर्वाचनमा भाग लिने तयारी गरेका छन् ।[३] त्यसै गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] ले पनि स्थानीय आवश्यकताअनुसार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायतका दलसँग तालमेल गर्न स्थानीय र केन्द्रीय स्तरमा संवाद गरिराखेका छन् ।

यो राजनीतिक अपडेट निर्वाचनसम्बन्धी दलीय गतिविधिका साथै गठबन्धन वा तालमेलका प्रयास र असरमा केन्द्रित छ । सुदूरपश्चिम प्रदेशको डडेलधुरा र डोटी, गण्डकी प्रदेशको तनहुँ र गोरखा, बागमती प्रदेशको चितवन र मकवानपुर अनि मधेस प्रदेशको रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लामा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सञ्चारकर्मी र नागरिकसँग गरिएको अन्तर्वार्ताका आधारमा यो राजनीतिक अपडेट तयार पारिएको हो ।[४]

## राजनीतिक दलको तयारी

भ्रमण गरिएका सबै निर्वाचन क्षेत्रमा राजनीतिक दलले निर्वाचन केन्द्रित गतिविधि गरिरहेको पाइयो । निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभा र प्रदेश सभाका उम्मेदवारका आकांक्षीको नामावली जिल्ला समितिले सिफारिस गरेर प्रदेश समितिलाई र त्यसले केन्द्रीय समितिमा पठाएको छ । नेपाली काँग्रेसले समानुपातिक उम्मेदवारको लागि एक महिलासहित तीन जनाको नाम सिफारिस गरि केन्द्रमा पठाउन निर्देशन दिएको थियो । तर प्रत्यक्षमा भने महिला आकांक्षीको नाम अनिवार्य नगरिएको बताइयो । प्रत्यक्ष तथा समानुपातिक दुवैमा आकांक्षी सबैको नामावली केन्द्रमा पठाइएको नेपाली काँग्रेस चितवनका एक नेताले बताए । चितवनको प्रतिनिधि सभाको एउटै निर्वाचन क्षेत्रबाट समानुपातिक तर्फ २५ जनाको नाम सिफारिस भएको थियो भने प्रदेश सभाको एउटै निर्वाचन क्षेत्रबाट ४२ जना सम्मको नाम सिफारिस भएको थियो । नेकपा (एमाले) ले प्रतिनिधि सभाको प्रत्येक निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फ एक महिलासहित तीन जना उम्मेदवार सिफारिस गरेर केन्द्रमा पठाउन निर्देशन दिएको थियो । प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ मा सर्वसम्मत उम्मेदवार सिफारिस भएका थिए भने अन्य दुई निर्वाचन क्षेत्रमा एक महिलासहित तीन जनाको नाम सिफारिस गरेर केन्द्रमा पठाइएको छ । समानुपातिकतर्फ भने प्रतिनिधि सभाको लागि ११ जना र प्रदेश सभाको लागि ४५ जना उम्मेदवारको नाम

[१] प्रतिनिधि सभाका २७५ सदस्यमध्ये नेपाललाई भूगोल र जनसंख्याको आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणाली बमोजिम १६५ सदस्य निर्वाचित हुने छन् । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने 'समानुपातिक' निर्वाचन प्रणाली बमोजिम ११० सदस्य निर्वाचित हुने छन् । 'समानुपातिक' निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था छ ।

[२] प्रत्येक प्रदेश सभामा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य रहन्छन् । प्रदेश सभामा त्यसरी कायम हुने सदस्य संख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशतमा 'समानुपातिक' निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य रहन्छन् । 'समानुपातिक' निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था छ ।

[३] तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले नेपालको संविधान विपरीत पुस ५, २०७७ मा पहिलो पटक प्रतिनिधि सभा विघटन गरे । प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेको रिटमा सुनुवाइ गर्दै संवैधानिक इजलासले प्रतिनिधि सभा पुनर्स्थापना हुने निर्णय गऱ्यो । जेठ ८, २०७८ मा फेरि पनि दोस्रो पटक तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरे । त्यसविरुद्ध प्रधानमन्त्रीमा शेरबहादुर देउवालाई समर्थन गर्दै नेकपा (एमाले) कै माधवकुमार नेपाल पक्षीय सांसदसहित नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), जसपा र राजमोका १४६ सांसदले सर्वोच्च अदालतमा आफै उपस्थित भएर प्रतिनिधि सभा विघटन गर्ने निर्णयविरुद्ध रिट निवेदन दिए । संवैधानिक इजलासले दोस्रो पटक प्रतिनिधि सभा पुनर्स्थापना गर्नुका साथै शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गऱ्यो । शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त भएपछि माधवकुमार नेपाल पक्षले नेकपा (एमाले) विभाजन गरेर नेकपा (एकीकृत समाजवादी) गठन गरे । तत्पश्चात प्रतिनिधि सभा विघटनविरुद्ध उभिएका पाँच दलको गठबन्धन निर्माण भयो ।

[४] यस अध्ययनका लागि डीआरसीएनका अनुसन्धाताहरूले सेप्टेम्बर १२–२४, २०२२ सम्म उक्त जिल्लाहरूमा भ्रमण गरेका थिए ।

प्राथमिकीकरण गरेर केन्द्रमा पठाइएको नेकपा (एमाले) चितवनको जिल्ला अध्यक्षले बताए।

चुनावमा कार्यकर्ता परिचालन गर्न सजिलो होस् भनी बुथ कमिटि गठन गर्ने र कार्यकर्तालाई प्रशिक्षण दिने आदि जस्ता कार्य गरिरहेको एक राजनीतिक दलका प्रतिनिधिले बताए। उम्मेदवारी दाबी गरेका कतिपय उम्मेदवारले भने कार्यकर्ता भेटघाट र विभिन्न सञ्चार माध्यममा अन्तर्वार्ता दिने कार्य पनि गरिराखेको पाइन्छ। चुनावी गतिविधि अगाडि बढाउनेमा स्वतन्त्र उम्मेदवार पनि छन्। केही दलले पार्टी कमिटिमार्फत दलले पाउने मतको आन्तरिक सर्वेक्षण गरिरहेको डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) लाई बताए।

## गठबन्धन वा तालमेलको प्रयास

पाँच दलीय गठबन्धनलाई सबै निर्वाचन क्षेत्रमा कायम राख्ने सहमति केन्द्रीय स्तरमा बनेको छ। यद्यपि, गठबन्धनका दलहरूबीच निर्वाचन क्षेत्र बाँडफाँटमा आपसी सहमति जुट्न सकेको छैन। कुन निर्वाचन क्षेत्र कुन दलले पाउने भन्ने अन्योलबीच गठबन्धनमा सामेल दलहरूले प्रत्येक निर्वाचन क्षेत्रमा आआफ्नो उम्मेदवार सिफारिस गरेका छन्। जस्तै, रौतहटको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ मा गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल उम्मेदवार हुने निश्चित छ भनिए पनि त्यही क्षेत्रमा नेपाली काँग्रेसले कृष्णप्रसाद यादवलाई उम्मेदवार सिफारिस गरेको छ। डोटीको एक मात्र निर्वाचन क्षेत्रमा गठबन्धन भित्रका तीन दल नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले आआफ्नो उम्मेदवारी दाबी गरेका छन्।

नेकपा (एमाले) पनि आवश्यकताअनुसार विभिन्न दलसँग चुनावी तालमेल गर्ने रणनीतिमा छ। चितवनको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ मा नेकपा (एमाले) ले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डविरुद्ध राप्रपासँग तालमेल गर्ने चर्चा व्यापक छ। यद्यपि, सो क्षेत्रमा नेकपा (एमाले) कै उम्मेदवारी हुनुपर्ने नेकपा (एमाले) चितवन जिल्ला अध्यक्ष एवं सो क्षेत्रबाट प्रतिनिधि सभामा प्रस्तावित उम्मेदवार रामप्रसाद न्यौपानेले बताए। त्यस्तै, डडेलधुरामा नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवालाई जसरी पनि पराजित गर्न नेकपा (एमाले) र नेपाली काँग्रेस वी.पी.बीच तालमेलको प्रयास भइरहेको बताइयो।

## नेता तथा कार्यकर्ताको दृष्टिमा गठबन्धन

पाँच दलीय गठबन्धनभित्र टिकट पाउने सम्भावना बढी भएका नेताहरू गठबन्धनको पक्षमा वकालत गर्छन्। दुई पटक नेकपा (एमाले) का अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले संविधान विपरीत प्रतिनिधि सभा विघटन गरेर असंवैधानिक कार्य गरेकोले संविधानको रक्षा गर्न पाँच दलीय गठबन्धन चुनावमा समेत आवश्यक रहेको उनीहरूको तर्क छ। डडेलधुराका नेकपा (एकीकृत समाजवादी) का एक नेताले भने, "पाँच दलीय गठबन्धन नेपालको संविधान बचाउन गरिएको एक प्रयास हो। नेकपा (एमाले) बाट प्रतिगमनको खतरा नटरेसम्म यो कायम रहनुपर्छ।" एक दलले मात्र संसद्मा बहुमत ल्याउन नसकिने आकलनले पनि गठबन्धन आवश्यक रहेको तर्क पाँच दलीय गठबन्धनका नेताले गरे।

यद्यपि, पाँच दलीय गठबन्धन होस् या नेकपा (एमाले) ले स्थानीय आवश्यकताअनुसार गर्ने भनेको तालमेल, त्यसप्रति दलका नेता तथा कार्यकर्ता पंक्तिमा असन्तुष्टि थियो। खास गरी, नेपाली काँग्रेसका नेता तथा कार्यकर्तामा यस गठबन्धनप्रति व्यापक असन्तुष्टि भेटियो। यस्तो असन्तुष्टि मधेस प्रदेशका जिल्लामा अत्यधिक थियो। त्यहाँ जसपाका नेता तथा कार्यकर्ताले पनि गठबन्धन मन नपराएको पाइयो।

मधेस प्रदेशका जिल्लामा विगतदेखि नै नेपाली काँग्रेसको सांगठनिक आधार बलियो हुनाले एक्लै चुनाव लडे पनि यसले राम्रो परिणाम हासिल गर्ने काँग्रेस नेता तथा कार्यकर्ताको जिरह थियो। तर गठबन्धनका कारण ती क्षेत्रमा नेपाली काँग्रेसले अन्य दललाई सघाउनुपर्ने भएको छ। उदाहरणका लागि, महोत्तरीका चार प्रतिनिधि सभा निर्वाचन क्षेत्रमध्ये तीन ओटा अन्य दललाई दिने तयारी भइरहेको नेपाली काँग्रेसका नेताले बताए। त्यहाँको निर्वाचन क्षेत्र नं. ३ लोसपाका नेता महन्थ ठाकुरलाई दिएर लोसपालाई पनि पाँच दलीय गठबन्धनमा संलग्न गराउने कसरत चलिराखेको छ। साथै त्यही जिल्लाको निर्वाचन क्षेत्र नं. १ र ४ क्रमशः नेकपा (माओवादी केन्द्र) र जसपालाई दिने चर्चा चलेको छ। त्यसो भएमा क्षेत्र नं. २ मात्र नेपाली काँग्रेसको भागमा पर्छ। धनुषामा त्यस्तै देखिएकोले नेपाली काँग्रेसका कार्यकर्ता तथा समर्थक आक्रोशित थिए। शीर्ष नेतृत्वले नेपाली काँग्रेसको सांगठनिक सबलता र स्थानीय आवश्यकतालाई नजरअन्दाज गर्दै आफ्नो स्वार्थको लागि यो गठबन्धन गरेको बुझाइ कार्यकर्ता तहमा पाइयो। नेपाली काँग्रेस महोत्तरीका एक नेताले आफ्नो असन्तुष्टि यसरी पोखे,

म ४० वर्षदेखि नेपाली काँग्रेसको संगठन निर्माणमा रगत पसिना बगाइरहेको छु । मेरो वडामा अरू पाँच जना पनि काँग्रेसको संगठन निर्माणमा ४० वर्षदेखि खटेका छन् । गठबन्धनको नाममा हामीलाई नेपाली काँग्रेसमा मतदान गर्न वञ्चित गर्ने यो कस्तो गठबन्धन हो ? गठबन्धनले कस्तो लोकतान्त्रिक पद्धतिको विकास गर्न खोजेको हो ? निश्चित सिद्धान्त वा मुद्दासँग सरोकार राखेर भन्दा पनि दलका शीर्ष नेतृत्वको स्वार्थका कारण गठबन्धन भएको हो । गठबन्धनको नाममा शेरबहादुर देउवाले निर्वाचनपछि पनि आफ्नो प्रधानमन्त्री पद सुरक्षित गर्न खोजेका छन् । तर त्यो पद नेपाली काँग्रेसका कार्यकर्ताको राजनीतिक भविष्यलाई तिलाञ्जली दिएर साट्न लागिएको छ । नेपाली काँग्रेसको पहिलो प्राथमिकता संगठन बचाउने हो त्यसपछि मात्र चुनाव जित्ने हो । तर अहिले चुनाव जित्ने नाममा गठबन्धन गरेर संगठनलाई ध्वस्त बनाउने काम भइराखेको छ । यो गठबन्धन मन्द विष हो जसले नेपाली काँग्रेसलाई बिस्तारै मृत्युशैय्यामा पुऱ्याउँछ ।

गठबन्धन गर्दा नेपाली काँग्रेसलाई धेरै घाटा हुने र अन्य दललाई भने फाइदा पुग्ने दलिल नेपाली काँग्रेसका नेता तथा कार्यकर्ता गर्छन् । सांगठनिक रूपमा गठबन्धनका अन्य घटक नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जसपा जस्ता दल तथा तिनका नेता कमजोर हुँदै गरेका भए पनि काँग्रेसको सहयोगले तिनको राजनीतिक भविष्य पुनर्जागरण हुने तर्क नेपाली काँग्रेसका नेता तथा कार्यकर्ताको थियो । गठबन्धनको नाममा चुनावी प्रतिस्पर्धाबाट वञ्चित गरिएकोले आफ्ना राजनीतिक भविष्यप्रति ती निराश देखिए ।

## गठबन्धनको असर

गठबन्धनमा उम्मेदवारको टिकट पाउने सम्भावना भएका व्यक्ति निकै हौसिएका छन् । सम्भावना कम हुनेहरू भने आफ्नो दलले सिट छोड्नुपर्ने र आफ्ना समर्थकले विपक्षी दलको चुनाव चिह्नमा मतदान गर्नुपर्ने हुँदा चिन्तित छन् । गठबन्धनका कारण टिकट पाउने सम्भावना नभएपछि आकांक्षीले दल त्याग गरेको पनि पाइयो । यस्तो क्रम मधेस प्रदेशमा बढी देखिएको छ । आफ्ना दलबाट टिकट पाउने सम्भावना कम हुँदै गएको देखेर केही व्यक्तिले नेपाली काँग्रेस र जसपाबाट नेकपा (एमाले) प्रवेश गरे । त्यसबाहेक सर्लाही तथा महोत्तरीका नेपाली काँग्रेसका नेताहरूले नेपाली काँग्रेसबाहेक गठबन्धनका अन्य दललाई टिकट दिइएमा नेपाली काँग्रेसले ती जिल्लामा बागी उम्मेदवार उठाउने बताए । लामो समय राजनीतिमा लागे पनि गठबन्धनका कारण टिकट नपाउने देखेपछि विशेष गरेर युवा नेतृत्वमा नैराश्य आएको नेपाली काँग्रेसका नेताले बताए । त्यस्तै बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी सर्लाहीका नेता मेथुर चौधरीले पनि आउने निर्वाचनमा टिकट पाउनकै लागि पार्टी परित्याग गरी नेकपा (एमाले) प्रवेश गरेको बताए । “नेपाल समाजवादी पार्टीका नेता महेन्द्र राय यादवले गठबन्धनबाट नै टिकटको लागि लबिङ गर्न थालेपछि मैले टिकट नपाउने देखेँ । नेकपा (एमाले) का नेताले मलाई पटक-पटक आएर टिकट दिने अफर गरे । मलाई सर्लाही प्रदेश सभा २ (ख) मा नेकपा (एमाले) बाट उम्मेदवारको लागि सिफारिस गरिएको छ । मैले नै टिकट पाउने निश्चित छ,” चौधरीले भने । तर नेकपा (एमाले) भित्र पनि लामो समय संगठनमा लागेकालाई पाखा पारेर नवप्रवेशीलाई उम्मेदवारको टिकट दिँदा पुराना नेता तथा कार्यकर्ता असन्तुष्ट छन् । नेकपा (एमाले) मधेस प्रदेशका एक नेताले व्यङ्ग्य गर्दै भने, “नेताहरू एक हातले पार्टी प्रवेश गर्नेलाई टीका लगाइरहेका छन्, अर्को हातले टिकट दिइरहेका छन् ।”

## असन्तुष्टिको सम्बोधन

गठबन्धन गरेर चुनावमा सहभागी भएपछि कुनै न कुनै दलले आफूले राजेको निर्वाचन क्षेत्र गठबन्धनकै अर्को दललाई छोड्नुपर्ने बाध्यता छ । टिकटको आकांक्षी नेता र दललाई प्रतिनिधि सभा तथा प्रदेश सभाका प्रत्यक्ष र समानुपातिकमा मिलाएर टिकट दिन सके असन्तुष्टिलाई मत्थर गर्न सकिने, साथै परिणाम पनि गठबन्धनकै पक्षमा आउने यसका पक्षधरहरूले बताए । अघिल्लो निर्वाचनमा चितवनको निर्वाचन क्षेत्र नं. ३ बाट नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले जितेका थिए । त्यसबाहेक प्रदेश सभा ३ (ख) बाट नेकपा (माओवादी केन्द्र) ले नै विजय हासिल गरेको थियो । यसपालि पनि त्यो निर्वाचन क्षेत्रमा नेकपा (माओवादी केन्द्र) को दाबी छ । तर नेपाली काँग्रेसका नेताहरू चितवनको प्रदेश सभा ३ (क) र (ख) दुवै निर्वाचन क्षेत्र नेपाली काँग्रेसलाई छोडिदिएमा असन्तुष्ट नेता तथा कार्यकर्ताको व्यवस्थापन गर्न सकिने बताउँछन् । नेपाली काँग्रेस प्रतिनिधि सभा क्षेत्र नं. ३ का एक जना काँग्रेसका

नेताले भने हामीले पनि आफ्नो पार्टीलाई भोट हाल्न पाउनु पर्‍यो। त्यसै गरी रौतहटमा गठबन्धनको दुई दल नेपाली काँग्रेस र जसपाका नेताले नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई प्रतिनिधि सभाको सिट छोड्न र उनलाई निर्वाचनमा सहयोग पनि गर्न तयार रहेको बताए। तर माधवकुमार नेपाललाई प्रतिनिधि सभाको सिट छोड्न ती दुई ओटै दलका नेताको एउटै सर्त थियो प्रदेश सभाको सिट उनीहरूको दलका उम्मेदवारले पाउनु पर्छ।

## निष्कर्ष

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको मिति घोषणा भएसँगै दलका नेता कार्यकर्तालाई चुनावको चटारोले छोपेको छ। दलहरू चुनावी जोडघटाउमा व्यस्त छन्। उम्मेदवारका आकांक्षी धेरै नै छन् तर सिट संख्या सीमित छ। झन् दलीय गठबन्धन वा तालमेलको नाममा अन्य दललाई आफ्नो सिट छोड्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। विचार र सिद्धान्तमा भन्दा पनि नेताहरूको छोटो स्वार्थमा केन्द्रित भएर गठबन्धन वा तालमेल हुने भएकाले दलका नेता तथा कार्यकर्ता पंक्तिमा चरम असन्तुष्टि छ। विशेष गरेर नेपाली काँग्रेसका कार्यकर्तामा गठबन्धनप्रति रोष छ। असन्तुष्टिको स्वर मधेसका जिल्लामा अन्य ठाँउको तुलनामा झन् चर्को छ। पाँच दलीय गठबन्धनको सिट बाँडफाँटसम्बन्धी कार्यदलले प्रतिनिधि सभा तथा प्रदेश सभामा कुन दलले कुन निर्वाचन क्षेत्र पाउने भन्ने टुङ्गो लगाएपछि उम्मेदवार हुन नपाउने दलका नेता तथा कार्यकर्ताको असन्तुष्टि प्रखर रूपमा सतहमा आउने संकेत देखिन थालेका छन्। त्यसपछि टिकट पाउनकै लागि दलबदल गर्नेको संख्या त बढ्ने नै छ, गठबन्धन वा तालमेल गर्ने दलको निर्णयविरुद्ध बागी उम्मेदवार उठ्ने सम्भावना पनि प्रबल छ। यसले अहिले आकलन गरेको भन्दा परिणाम फरक आउन सक्छ।